Ref. Press release N-16-013-015

## इराकको द्वन्द ग्रस्त क्षेत्रमा फसेका ११ जना नेपालीहरुको उद्धार

इराकको द्वन्द ग्रस्त क्षेत्रमा फसेका ११ जना नेपालीहरुलाई झन्डै दुई महिनापछि उद्धार गर्न सरकार सफल भएको छ । उनीहरुलाई इराकको स्थानीय समय ९:५५ को फ्लाई दुवईबाट स्वदेश पठाइएको छ ।

उद्धार हुनेहरुमा कानेपोखरी-९, मोरङका ३८ वर्षीय मोहनकुमार बस्नेत, दमक-१३, झापाका ३८ वर्षीय प्रेस गिरी, घोराही ठाकुर-९ का टोपबहादुर बस्नेत, निर्मलपोखरी-५, कास्कीका २७ वर्षीय सन्तोष लामिछाने, नुनखर्क-१, ओखलढुंगाका २९ वर्षीय अजित तामाङ, चितवन शारदा नगरका २७ वर्षीय प्रकास विश्वकर्मा, रुकुमका धनबहादुर विक, रामेछापस्थित सुकाजौर गाविसका ३२ वर्ष बिष्णु बस्नेत, धनकुटास्थित खुवाथोक गाविसका ४४ वर्षीय इन्द्रकुमार लिम्बु, धनुकुटा मुडेवासका २४ वर्षीय सुवास नेम्बाङ दाङ र लमहीका अनिल चौधरी रहेका छन् ।

ती नेपालीहरुका उद्धारको लागि गैरआवासीय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद् इराकले उल्लेखनीय भूमिका खेलेको र उनीहरुलाई ६/७/१०१४ देखी १७/७/२०१४ सम्म होटलमा खाना खुवाउने सम्पूर्ण रकम उपलब्ध गराएको थियो। 'गैरआवासीय नेपाली संघ राष्ट्रिय समन्वय परिषद् इराकले ,'सरकारको उपस्थिति नभएसम्मको लागि एउटा अभिभावकको भूमिका निर्वाह गर्न सफल भएको र नेपाल सरकारले समयमा नै उद्दार कार्य सफलताका साथ सम्पन्न गरेकोमा गैरआवासीय नेपाली संघ अन्तर्राष्ट्रिय समन्वय परिषद नेपाल सरकार र राष्ट्रिय समन्वय परिषद् इराक प्रति हार्दिक आभार प्रकट गर्दछ ।

गैरआवासीय नेपाली संघ सचिवालय ।

मितिः २३ जुलाई २०१४